# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, कात्तिक २ गते २०४४ साल (संख्या २६

## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

#### खप्तड राष्ट्रिय निकुन्ज नियमावली, २०४४

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "खप्तड राष्ट्रिय निकुन्ज नियमावली, २०४४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनुपर्छ ।

(ख) "निकुन्ज" भन्नाले खप्तड राष्ट्रिय निकुन्ज सम्झनुपर्छ ।

(ग) "संरक्षक" भन्नाले निकुन्जको प्रशासनको अभिभारा भएको निकुन्जको मुख्य अधिकृत सम्झनुपर्छ ।

(घ) "सहायक संरक्षक" भन्नाले निकुन्जको सहायक संरक्षक सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "धार्मिक क्षेत्र" भन्नाले खप्तड राष्ट्रिय निकुन्जभित्रको कुनै क्षेत्रमा सिमाङ्कन गरी धार्मिक क्षेत्र भनी छुट्याइएको क्षेत्र सम्झनुपर्छ ।

(च) "स्थानीय व्यक्ति" भन्नाले निकुन्जको क्षेत्रले घेरिएको वा निकुन्जसंग जोडिएको गाउँमा स्थायी बसोवास गरेको व्यक्ति सम्झनुपर्छ ।

(छ) "विभाग" भन्नाले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनुपर्छ ।

३. निकुन्जको सिमानाः निकुन्जको सिमाना ऐनको दफा ३ बमोजिम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकीदिए बमोजिम हुनेछ ।

४. निकुन्जभित्र प्रवेशः निकुन्जभित्र प्रवेश गर्न चाहने व्यक्तिले संरक्षकबाट अनुसूची १ बमोजिमको प्रवेशपत्र लिनु पर्नेछ र प्रवेशपत्र लिंदा अनुसूची २ बमोजिमको दस्तूर लाग्नेछ ।

५. प्रवेश निषेध गर्न सक्नेः निकुन्जको हितको लागि संरक्षकले निकुन्जभित्र कुनै पनि व्यक्तिको प्रवेश निषेध गर्न सक्नेछ ।

तर यसरी प्रवेश निषेध गर्दा स्थानीय व्यक्ति तथा निकुन्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिलाई निकुन्जको बाटो भएर आवत जावत गर्न रोक लगाएको वा नियम २० बमोजिमको तोकिएको बाटोबाट आवागमन गर्न रोक लगाएको मानिनेछैन ।

६. निकुन्जमा प्रवेश आफ्नो दायित्वमा हुनेः प्रवेशपत्र लिई वा नलिई निकुन्जभित्र प्रवेश गर्ने व्यक्तिलाई निकुन्जभित्र कुनै किसिमको हानि नोक्सानी भएमा वा चोट-पटक लागेमा वा निजको मृत्यु भएमा समेत त्यस्तो हानि नोक्सानी, चोटपटक वा मृत्यु भए वापत क्षतिपूर्तिको निमित्त श्री ५ को सरकार जिम्मेवार हुनेछैन ।

७. निकुन्जभित्र निषिद्ध कार्यहरूः संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुन्जभित्र देहायका कार्यहरू गर्न गराउन पाउनेछैन ।

(क) जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरू बनोट बनाउन वा भोग गर्न,

(ख) कुनै भू-भागमा कब्जा गर्न, वनस्पति सफा गर्न वा नोक्सानी पुऱ्याउन, आवाद गर्न, खेती गर्न वा कुनै बाली उब्जाउन वा काट्न,

(ग) घर पालुवा जीवजन्तु वा पंक्षी चरी चराउन र तिनीहरूलाई खोला वा पोखरीमा पानी खुवाउन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
360

(घ) रूख, बिरूवा, झाडी वा अन्य कुनै वनस्पति काट्न, ढाल्न, हटाउन, छेक्न, छांट्न वा त्यस्तो वनस्पति सुक्ने कुनै काम गर्न वा त्यस्तो वनस्पतिमा आगो लगाउन वा अरू कुनै प्रकारको हानी नोक्सानी पुऱ्याउन,

(ङ) कुनै स्थानमा रात बिताउन, क्याम्प गर्न वा आगो बाल्न,

(च) ढुंगा बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ, माटो वा अन्य त्यस्तै पदार्थ हटाउन वा कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउन,

(छ) निकुन्जभित्र बग्ने नदी, खोला वा पानीको कुनै स्रोत थुन्न, फर्काउन वा त्यसमा कुनै हानिकारक वा विस्फोटक पदार्थहरू प्रयोग गर्न,

(ज) बाहिरी वातावरणमा हुर्केको (एक्जोटिक) बिरूवा, जीवजन्तु वा पंक्षी निकुन्जभित्र ल्याउन वा छाड्न ।

तर खप्तड राष्ट्रिय निकुन्ज स्थापना हुनु अघि निकुन्जभित्र कानूनी अधिकार पाई बसेका स्थानीय वासिन्दाहरूको आफ्नो हक भोगको जग्गामा यो नियम लागू हुनेछैन ।

८. धार्मिक क्षेत्रभित्र निषिद्ध कार्यहरू: कुनै पनि व्यक्तिले राष्ट्रिय निकुन्जभित्रका धार्मिक क्षेत्रभित्र देहायका कार्यहरू गर्न पाउनेछैनः–

(क) कुनै पशु, पंक्षीलाई मार्न, बली चढाउन वा मासु बिक्री गर्न, खान वा खुवाउन,

(ख) कुनै मादक पदार्थ बिक्री गर्न वा सेवन गर्न,

(ग) पूजा तथा अन्य धार्मिक कार्यको लागि बाहेक धर्मशालामा रात बिताउन,

(घ) चरी चराउन वा गोठ राख्न,

(ङ) तोकिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा आगो बाल्न ।

९. साथमा राख्न, लैजान वा प्रयोग गर्न नपाइने वस्तुहरू: संरक्षकको लिखित अनुमति नलिई कुनै व्यक्तिले निकुन्जभित्र प्रवेश गर्दा वा रहँदा वा नियम २० बमोजिम तोकिएको बाटोबाट हिंड्दा देहायका चिज वस्तुहरू साथमा लैजान राख्न वा प्रयोग गर्न पाउनेछैन ।

(क) धनुषवाण, भाला, दर्जन, पासो, जाल, धराप वा चोट पुऱ्याउन सक्ने वा गोली प्रयोग हुने जुनसुकै हातहतियार, खरखजाना, विष, विस्फोटक पदार्थ वा सो प्रयोग गर्ने साधनहरू,

(ख) आखेटोपहार वा कुनै वन्यजन्तुका सुकेको वा आलो मासु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

261

तर स्थानीय व्यक्ति र निकुन्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिले आफ्नो घरायसी कामको लागि खुकुरी, बन्चरो र यस्तै हातहतियार मात्र निकुन्जभित्रबाट लैजान बाधा पर्नेछैन ।

१०. वनस्पति वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन नहुने: कसैले निकुन्जभित्र वा बाहिरबाट आगो लगाई वा अन्य कुनै किसिमले निकुन्जभित्रको वनस्पति, झारपात वा अन्य चिज वस्तुलाई क्षति पुऱ्याउन हुँदैन ।

११. वन्यजन्तु वा पंक्षीको शिकार गर्न र पंक्षी वा कीट कीटाणुको फुल, गुंड वा गोला बिगार्न नहुने: निकुन्जको हितको लागि उपयुक्त हुने काम गर्न वा वैज्ञानिक अनुसन्धानको निमित्त नमूना संकलन गर्न ऐन अन्तर्गत इजाजत प्राप्त गरेकोमा बाहेक अन्य अवस्थामा संरक्षकको लिखित अनुमति प्राप्त नगरी कुनै पनि व्यक्तिले निकुन्जभित्र कुनै पनि वन्यजन्तु वा पंक्षीलाई शिकार गर्न, लखेट्न वा तर्साउन वा कुनै पनि वन्यजन्तु पंक्षी वा कीट कीटाणुलाई मार्न, पक्रन वा चोट पुऱ्याउन वा कुनै पनि पंक्षी वा कीट कीटाणुको फुल, गुंड वा गोला हटाउन बिगार्न वा खलबल्याउन वा कुनै कीट, कीटाणु, माछा वा प्राकृतिक उपज संकलन गर्नहुँदैन ।

१२. अनुमति नलिई माछा मार्न नपाइने: (१) कुनै व्यक्तिले अनुसूची २ बमोजिम लाग्ने दस्तूर तिरी संरक्षकबाट अनुसूची ३ बमोजिमको ढाँचाको अनुमतिपत्र नलिई निकुन्जभित्र रहेको खोला वा पोखरीको माछा मार्न हुँदैन ।

(२) धार्मिक क्षेत्रभित्रको खोला वा पोखरीमा माछा मार्न पाइनेछैन ।

(३) यस नियम बमोजिम अनुमतिपत्र लिई माछा मार्न चाहने व्यक्तिले माछा मार्दा बल्छी बाहेक अन्य साधन प्रयोग गर्नहुँदैन ।

(४) उपनियम (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि चैत्र १ गते देखि आश्विन मसान्तसम्म माछा मार्न पाइनेछैन ।

१३. विभागको पूर्व स्वीकृति लिनु पर्ने: कसैले निकुन्जभित्र अनुसन्धान सम्बन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी त्यस्तो काम गर्न सक्नेछ । त्यसरी स्वीकृति प्राप्त गरी गरेको अनुसन्धानको एक प्रति विभाग समक्ष पेश गर्नु पर्नेछ ।

तर अनुसन्धान कार्य गर्ने इजाजत प्राप्त व्यक्तिले निकुन्जको हितको प्रतिकूल असर पर्ने कुनै काम कारवाही गर्नुहुँदैन । निकुन्जको हितको प्रतिकूल असर पर्ने काम कारवाही गरेकोमा त्यस्तो कार्य संरक्षकले तत्काल रोकी सम्पूर्ण विवरण सहित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागमा पठाउनु पर्नेछ र विभागले पनि त्यसरी आएको विवरणमा आवश्यक जाँचबुझ गर्दा निकुन्जको हितको प्रतिकूल असर पर्ने काम कारवाही गरेको ठहरे त्यस्तो अनुसन्धान कार्य गर्न इजाजत रद्द गर्न सक्नेछ ।

१४. पोस्टर टाँस्न वा राख्न नपाउने: निकुन्जको प्रयोजनको लागि निकुन्जको कार्यालयको कर्मचारीले बाहेक निकुन्जभित्र अरू कसैले पनि कुनै किसिमको चिह्नपट, सूचनापट, विज्ञापन वा अन्य यस्तै किसिमका पोस्टरहरू टाँस्न वा राख्न पाउनेछैन ।

१५. बाजा बजाउन नपाउने: निकुन्जभित्रको धार्मिक स्थल, निवासस्थान, होटेल, लज वा रेष्टुराँमा बाहेक अन्यत्र कसैले रेडियो, टेपरेकर्ड वा अन्य कुनै बाजाहरू बजाउन पाउनेछैन ।

१६. फोहर मैला गर्न वा फाल्न नपाउने: कसैले निकुन्जभित्र फोहर मैला गर्न वा फोहर फाल्न हुँदैन ।

१७. विषालु पदार्थ फ्याँक्न, हाल्न वा छर्न नपाइने: निकुन्जभित्र वा निकुन्जभित्र पुग्ने गरी बाहिरबाट कुनै पनि व्यक्तिले कुनै किसिमको कीटनाषक विष वा रसायनिक पदार्थ वा लागू वा विषालु पदार्थ फ्याक्न वा निकुन्ज भएर बग्ने नदी खोला वा पानीको अन्य कुनै श्रोतमा हाल्न वा छर्न वा निकुन्जभित्र पुग्ने गरी अरू तरिकाबाट हाल्न समेत हुँदैन

१८. इशारा संकेत मान्नु पर्ने: निकुन्जको क्षेत्रभित्र, सबै सवारी चालक, पैदल यात्री वा तीर्थयात्रीले निकुन्जको कर्मचारीले गरेको इशारा वा संकेतलाई वा त्यस्तो इशारा वा संकेत जनाउनको लागि राखिएको कुनै चिह्नपट बमोजिम सवारी चलाउनु र हिंड्नु पर्नेछ ।

१९. आवागमनमा प्रतिबन्ध: होटेल, लज वा तोकिएको स्थानमा बाहेक संरक्षकको लिखित अनुमति बिना साँझ सात बजेदेखि बिहान पाँच बजेसम्म कसैले निकुन्जभित्र पस्न वा हिंडडुल गर्न वा याक वा खच्चड लगायतका कुनै पनि किसिमको सवारी हिंडाउन हुँदैन ।

तर स्थानीय व्यक्ति वा निकुन्ज भएर मात्र पुग्न सकिने गाउँको व्यक्तिलाई निकुन्जको बाटो भएर आवत जावत गर्न वा सरकारी कर्मचारीले आफ्नो काम काजको सिलसिलामा कुनै पनि समयमा निकुन्जभित्र प्रवेश गर्न बाधा पर्नेछैन।

२०. बाटोको सुविधा: (१) संरक्षकले निकुन्जभित्र सर्वसाधारणजनताको सुविधाको लागि अनुसूची ४ मा तोकिए बमोजिमको बाटोबाट पैदल यात्रा गर्न, घर पालुवा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जीव जन्तु हिंडाउन वा याक वा खच्चड लगायत कुनै पनि किसिमको सवारी हिंडाउन चिह्नपट लगाई त्यस्तो बाटो तोकी दिन सक्नेछ र सर्वसाधारण जनताले पनि त्यसरी चिह्नपट लगाई तोकी दिएको बाटो मात्र उपयोग गर्न पर्नेछ ।

(२) संरक्षकको लिखित अनुमति बिना कुनै पनि अवस्थामा कसैले उपनियम (१) बमोजिम चिह्नपट लगाई तोकी दिएको बाटो छोडी अन्य बाटोको प्रयोग गर्न पाउनेछैन ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिकूल मौसममा चिह्नपट लगाई तोकी दिएको बाटो बन्द गर्न उपयुक्त ठानेमा मौसम अनुकूल नहुन्जेलसम्म संरक्षकले सो बाटो बन्द गर्न सक्नेछ ।

२१. सवारी साधन वा घर पालुवा जीवजन्तु पक्री कारवाहीको लागि बुझाउने: यस नियमावली बमोजिम निकुन्जभित्र सुविधा दिइएको बाटो बाहेक अन्य बाटोबाट सवारी साधन वा घर पालुवा जीवजन्तु हिंडाएको भेटिएमा संरक्षक वा निजले खटाएको कर्मचारीले त्यस्तो सवारी साधन वा घर पालुवा जीवजन्तु पक्री सम्बन्धित अधिकारी समक्ष कारवाहीको लागि बुझाउनेछ ।

२२. गिरफ्तार गर्न सकिने: (१) संरक्षकबाट वारेण्ट प्राप्त गरी सहायक संरक्षक, वन्य जन्तु सुरक्षा गार्ड वा निकुन्जका अन्य कर्मचारीले कुनै व्यक्तिलाई ऐनको वखिलाप काम गरेको अभियोगमा गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर, मालसामान वा सवारी साधनको खान तलासी लिन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभियुक्त भागी जाने अवस्था भएमा विना वारेण्ट पनि सहायक संरक्षक, रेन्जर वा जमदार दर्जासम्मका वन्यजन्तु सुरक्षा गार्डले अभियुक्तलाई पक्राउ गर्न वा निजको सरसामान वा सवारीको खानतलासी लिन सक्नेछ ।

२३. निकुन्जभित्र प्रवेश गर्दा पालन गर्नु पर्ने कुराहरू: प्रवेशपत्र लिई वा नलिई निकुन्ज-भित्र प्रवेश गर्ने प्रत्येक व्यक्तिले देहायका कुराहरूको पालना गर्नु पर्नेछ :–

(क) निकुन्जभित्र प्रवेश गरेपछि आफ्नो वा आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य व्यक्तिले प्रयोग गरेका खानेकुराहरूका बट्टाहरू, मादक पदार्थ वा अन्य वस्तुका शीशीहरू, फिलिमका रीलका बट्टाहरू, प्याक गर्ने कागजपत्रहरू, प्लाष्टिकका थैलाहरू, अक्सिजनका भाँडा वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६०४

सिलिण्डर वा अन्य फ्यांकिने सरसामग्रीहरू संरक्षक वा निकुन्जका अन्य कुनै कर्मचारीले तोकेको ठाउँमा फाल्नु पर्नेछ ।

(ख) निकुन्जभित्र आफ्नो र आफ्नो साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको दैनिक उपभोगको लागि चाहिने काठ, दाउरा, स्याउला र पालको किला वा कुनै अन्य प्रयोजनको लागि चाहिने काठ, निकुन्जको झाडी, बुट्यान वा ढलेको रूख वा खडा रूख समेतबाट प्रयोग गर्नहुँदैन र त्यस्तो काठ दाउरा स्थानीय व्यक्तिबाट खरिद गर्न समेत हुँदैन ।

(ग) निकुन्जभित्र प्रवेश गर्दा आफ्नो र आफ्ना साथमा जाने पथप्रदर्शक, भरिया, भान्छे वा अन्य कुनै व्यक्तिको लागि पर्याप्त मात्रामा चाहिने मट्टिटेल, ग्यास, पेट्रोल वा अन्य यस्तै इन्धन निकुन्जभित्र प्रवेश गर्ने बखत आफुसंग साथमा हुनुपर्नेछ ।

२४. प्रवेश दस्तूरमा छुटः (१) सरकारी काम कारवाहीको सिलसिलामा कुनै कर्मचारी निकुन्जभित्र प्रवेश गर्दा दस्तूर लाग्नेछैन ।

(२) कसैले निकुन्जभित्र पर्ने कुनै धार्मिक स्थलमा आफ्नो परम्परा अनुसार पाठ पूजा वा दर्शन गर्नको लागि निकुन्जभित्र प्रवेश गर्दा दस्तुर लाग्नेछैन ।

(३) निकुन्जभित्र वा निकुन्ज भएर मात्र पुग्न सकिने गाउँमा स्थापित सार्वजनिक संस्थामा काम गर्ने नेपाली तथा गैर नेपाली कर्मचारीलाई र त्यस्तो संस्थाको सेवा उपभोग गर्ने व्यक्तिलाई र नियम २० बमोजिम बाटोको सुविधा प्रयोग गर्ने स्थानीय व्यक्तिलाई प्रवेश दस्तुर लाग्नेछैन ।

(४) नियम ३१ बमोजिम श्री ५ को सरकारसित करार गरी कुनै सेवा संचालन गर्ने व्यक्ति वा संस्थाको कर्मचारीको प्रवेश दस्तुरको हकमा सोही करारमा लेखिए बमोजिम हुनेछ ।

(५) निकुन्जको अध्ययन भ्रमण गर्न चाहने कुनै शिक्षण संस्था वा अन्य कुनै संस्थाको व्यक्ति वा दललाई निकुन्जभित्र संरक्षकले निःशुल्क प्रवेश गर्न दिन सक्नेछ ।

२५. दुर्घटना तथा मृत्यु भएमा सूचना गर्नु पर्नेः निकुन्जभित्र प्रवेश गर्ने कुनै व्यक्ति दुर्घटनामा परेमा वा मृत्यु भएमा त्यस्तो व्यक्तिसित साथमा गएका अन्य व्यक्तिले सो कुराको सूचना नजिकको प्रहरी चौकी वा निकुन्जको कार्यालयमा गर्नु पर्नेछ ।

२६. क्षेत्र छुट्याउन सक्नेः निकुन्जको व्यवस्थापनको लागि संरक्षकले आवश्यकता अनुसार निकुन्जलाई विभिन्न क्षेत्रमा वर्गीकरण गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६२

२७. काठ दाउरा दिन सकिनेः (१) घर बनाउन वा घर मर्मत गर्न काठ, दाउरा लिन चाहने स्थानीय व्यक्तिले वन पैदावार बिक्री वितरण सम्बन्धी प्रचलित नियम बमोजिमको दस्तूर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची ५ बमोजिमको काठ दाउरा लिन पाउने पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिएको पूर्जी बमोजिमको काठ दाउरा सोही पूर्जीमा तोकिएको क्षेत्रबाट लिनु पर्नेछ ।

२८. खर, घांस, निगालो वा लोक्ता दिन सकिनेः (१) घर बनाउन, घर मर्मत गर्न वा कुटिर उद्योगको लागि खर, घांस, निगालो वा लोक्ता लिन चाहने स्थानीय व्यक्तिले अनुसूची २ मा तोकिए बमोजिमको दस्तुर बुझाएमा संरक्षकले त्यस्तो व्यक्तिलाई अनुसूची ६ बमोजिमको खर, घांस, निगालो वा लोक्ताको पूर्जी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको पूर्जी बमोजिमको खर, घांस, निगालो वा लोक्ता संरक्षकले तोकेको क्षेत्रबाट तोकेको अवधिसम्म मात्र दिइनेछ ।

२९. लगत लिन सकिनेः संरक्षकले निकुन्जको कार्यालयको अभिलेखको लागि स्थानीय व्यक्तिहरू तथा निजहरूको घर, खेतवारी र घर पालुवा जीवजन्तुहरूको लगत अनुसूची ७ बमोजिमको ढाँचामा लिन सक्नेछ ।

३०. निस्सा दिन र चिह्न लगाउन सक्नेः संरक्षकले निकुन्जको हितको लागि स्थानीय व्यक्तिलाई परिचयको निस्सा दिन र निजहरूको घरपालुवा जीवजन्तुलाई चिह्न लगाउन सक्नेछ ।

३१. चरी चराउन सक्नेः आफ्नो घरपालुवा जीवजन्तुलाई निकुन्जभित्र चरी चराउन चाहने वा गोठ राख्न चाहने स्थानीय व्यक्तिले अनुसूची २ मा तोकिए बमोजिमको दस्तूर बुझाउन पर्नेछ र त्यस्तो व्यक्तिलाई संरक्षकले तोकेको क्षेत्रमा तोकेको अवधिको लागि चरी चराउन वा गोठ राख्न अनुसूची ८ बमोजिमको अनुमतिपत्र दिन सक्नेछ।

तर निकुन्जभित्र चरी चराउन दिन मनासिब नहुने ठानेमा संरक्षकले कुनै खास समयसम्मका लागि चरी चराउन वा गोठ राख्ने अनुमति बन्द गर्न सक्नेछ ।

३२. श्री ५ को सरकारले निकुन्जको हितको लागि सेवा संचालन गर्न गराउन सक्नेः

(१) निकुन्जको हितको लागि श्री ५ को सरकारले निकुन्जभित्र होटेल, लज, छाप्रो, सार्वजनिक यातायात वा यस्तै किसिमको अन्य सेवा वा सुविधाको व्यवस्था आफै वा अन्य व्यक्तिसित करार गरी संचालन गर्न गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६८

(२) उपनियम (१) बमोजिम अन्य व्यक्तिबाट सेवा संचालन गराउँदा श्री ५ को सरकारले आवश्यकता अनुसार त्यसको शर्त तोक्न सक्नेछ ।

(३) यो नियमावली लागू हुनु भन्दा अघिदेखि निकुन्जभित्र संचालन भएका होटेल, लज, रेष्टुराँ वा चिया पसलको मालिकले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्र यस नियमावली बमोजिम श्री ५ को सरकारसंग करार गर्नु पर्नेछ ।

३३. मुद्दा हेर्ने अधिकारीः (१) ऐन र यस नियमावलीको अन्तर्गतका कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार निकुन्जभित्रको लागि निकुन्जको संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसुर सम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सहायक संरक्षक रहेकोमा सहायक संरक्षकलाई र निज नरहेकोमा रेन्जरलाई हुनेछः–

(क) नियम ४ को वर्खिलाप प्रवेशपत्र नलिई निकुन्जभित्र प्रवेश गरेमा,

(ख) नियम ७ को खण्ड (ग), (ङ) वा (च) को वर्खिलाप कुनै काम कारवाही गरेमा वा सोही नियमको खण्ड (घ) को वर्खिलाप पाँचसय रूपैयाँसम्म मोल पर्ने वन पैदावारमा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा,

(ग) नियम ८ को वर्खिलाप धार्मिक क्षेत्रभित्र निषिद्ध कार्य गरे गराएमा,

(घ) नियम १२ को वर्खिलाप अनुमति नलिई माछा मारेमा,

(ङ) नियम १४ को वर्खिलाप कुनै चिह्नपट, सूचना, विज्ञापन वा पोष्टरहरू टाँसेमा वा राखेमा,

(च) नियम १५ को वर्खिलाप हुने किसिमको बाजा बजाएमा,

(छ) नियम १६ को वर्खिलाप फोहर मैला गरेमा वा फ्याँकेमा,

(ज) नियम १८ को वर्खिलाप इशारा वा संकेत नमानेमा,

(झ) नियम १९ को वर्खिलाप निकुन्जभित्र पसेमा, हिंडडुल गरेमा वा सवारी चलाएमा,

(ञ) नियम २० को वर्खिलाप तोकिएको बाटो छोडी अन्यत्रबाट यात्रा गरेमा, घर पालुवा जीवजन्तु हिंडाएमा वा कुनै सवारी चलाएमा ।

३४. निर्माण कार्य गर्न श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेः निकुन्जभित्र कुनै सरकारी वा गैर सरकारी निर्माण कार्य वा योजना संचालन गर्दा गराउँदा श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2660

३५. प्रवेश शुल्क नलगाउन सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अवधि तोकी वा नतोकी नेपाली नागरिकलाई निकुन्जभित्र प्रवेश शुल्क नलगाउन सक्नेछ ।

३६. सहायक संरक्षकको अधिकारः निकुन्जमा संरक्षक नभएको अवस्थामा नियम ३३ को उपनियम (१) बमोजिम मुद्दा हेर्ने अधिकार बाहेक यस नियमावली बमोजिमको संरक्षकको अधिकार सहायक संरक्षकले प्रयोग गर्न पाउनेछ ।

३७. अनुसूचीमा संशोधन गर्न सक्नेः श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यस नियमावलीको अनुसूचीहरूमा संशोधन गर्न सक्नेछ ।

अनुसूची–१

(नियम ४ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुन्ज कार्यालय, बाजुरा

प्रवेशपत्र

सि. नं.:–

मितिः–

१. प्रवेशपत्र लिने व्यक्तिको नाम, थर, वतनः–
२. उमेरः–
३. नागरिकताः–
४. प्रवेश स्थानः–
५. प्रवेश दस्तुरः–

प्रवेशपत्र प्रदान गर्ने अधिकारीकोः

नामः–

सहीः–

दर्जाः–

कार्यालयको छापः–

द्रष्टव्यः–

१. प्रवेशपत्रको अर्को पृष्ठमा निकुन्ज सम्बन्धी नियमहरू उल्लेख गरिएका छन् ।
२. निकुन्जभित्र रहन्जेल प्रत्येक व्यक्तिले प्रवेशपत्र आफ्नो साथमा राख्नु पर्नेछ र निकुन्जको सम्बन्धित कर्मचारीले हेर्न चाहेमा जुनसुकै बखत देखाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६८
मुद्रण विभाग

## अनुसूची–२

(नियम ४, १२, २८ र ३१ संग सम्बन्धित)

**दस्तुर**

(क) निकुन्जभित्रका प्रवेश (प्रति व्यक्ति प्रति प्रवेशको लागि)

| | |
|---|---|
| नेपाली नागरिकलाई | रू. ५।– |
| विदेशी नागरिकलाई | रू. १०।– |

द्रष्टव्यः

पाँच वर्षदेखि बाह्र वर्षसम्मको केटाकेटीलाई माथिका दस्तुरको आधा दस्तुर लाग्नेछ र पाँच वर्षभन्दा मुनिका केटाकेटीलाई प्रवेश दस्तुर लाग्नेछैन।

(ख) माछा मार्ने दस्तुर (प्रति व्यक्ति प्रति दिनको लागि)

| | |
|---|---|
| नेपाली नागरिकलाई | रू. ५।– |
| विदेशी नागरिकलाई | रू. ५०।– |

(ग) खर, घांस, निगालो र लोक्ता वापतको पूर्जी दस्तुरः

| | |
|---|---|
| खर र घांस | रू. १।– प्रति व्यक्ति प्र. भारी |
| निगालो | रू. ३।– प्रति व्यक्ति प्र. भारी |
| लोक्ता | रू. ५।– प्रति व्यक्ति प्र. भारी |

(घ) चरी चराउने वा गोठ राख्ने दस्तुर (प्रति गोटा प्रति गोठ)

| | |
|---|---|
| राँगो भैंसी | रू. ५।– |
| गधा, खच्चड | रू. ४।– |
| गाई, गोरू | रू. ३।– |
| भेंडा, बाख्रा र अन्य यस्तै जीवजन्तु | रू. १।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

263

अनुसूची–३
(नियम १२ संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण विभाग
खप्तड राष्ट्रिय निकुन्ज कार्यालय, बाजुरा
**अनुमतिपत्र**

सि. नं.
मितिः–

अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः–
उमेरः–
नागरिकताः–
माछा मार्न पाउने खोला वा पोखरीको नाम, खण्डः–
माछा मार्दा पालन गर्नु पर्ने शर्तः–
अनुमतिपत्र दस्तुरः–

अनुमतिपत्र प्रदान गर्ने अधिकारीकोः
नामः–
सहीः–
दर्जाः–
कार्यालयको छापः–

अनुसूची–४
(नियम २० को उपनियम (१) संग सम्बन्धित)
**बाटोहरू**

| | | | | |
|---|---|---|---|---|
| १. | लोखडा | खप्तड | झिग्राना | मूलबाटो |
| २. | कुडौंन | खप्तड | झिग्राना | मूलबाटो |
| ३. | रातो माटो | खप्तड | झिग्राना | मूलबाटो |
| ४. | बलेल्तो | सहस्र लिङ्ग– खप्तड | झिग्राना | मूलबाटो |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

350

अनुसूची–५
(नियम २७ को उपनियम (१) संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
खप्तड राष्ट्रिय निकुन्ज कार्यालय, बाजुरा
काठ दाउरा लिन पाइने पूर्जी

सि.नं.:–
मितिः–

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतनः–
२. उमेरः–
३. नागरिकताः–
४. पूर्जी बहाल रहने अवधिः–
५. निकुन्जभित्र काठ दाउरा लिन पाउने क्षेत्रः–
६. काठ दाउराको किसिम र परिमाणः–
७. टांचा लगाउन पर्नेमा लगाइने टांचाको विवरणः–
८. पूर्जी दस्तुरः–

पूर्जी दिने अधिकारीकोः
नामः–
सहीः–
दर्जाः–
कार्यालयको छापः–

अनुसूची–६
(नियम २८ को उपनियम (१) संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
खप्तड राष्ट्रिय निकुन्ज कार्यालय, बाजुरा

सि.नं.:–
मितिः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर । घांस । निगालो । लोक्ता लिन पाउने पूर्जी

१. पूर्जी लिने व्यक्तिको नाम, थर, वतनः–
२. उमेरः
३. पूर्जी बहाल रहने अवधिः–
४. निकुञ्जभित्र खर, घांस, निगालो वा लोक्ता लिन पाउने क्षेत्रः–
५. खर, घांस, निगालो वा लोक्ताको किसिम र परिमाणः–
६. पूर्जी दस्तुरः–

पूर्जी दिने अधिकारीकोः
नामः–
सहीः–
दर्जाः–
कार्यालयको छापः–

द्रष्टव्यः– खर, घांस, निगालो वा लोक्ताको पूर्जीको म्याद दश दिनसम्म मात्र कायम रहनेछ ।

अनुसूची–७
(नियम २९ संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
खप्तड राष्ट्रिय निकुञ्ज कार्यालय, बाजुरा
लगत लिने ढाँचा

१. गाउँको नामः–
२. पञ्चायत र वार्डः–
३. परिवारको मुख्यको नामः–
४. परिवारको सदस्य संख्याः–
(क) बाह्र वर्षमाथिको (पुरुष):–
(महिला):–
(ख) बाह्र वर्षसम्मको (पुरुष):–
(महिला):–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८२

५. परिवारको साक्षर संख्याः–

(क) एस.एल.सी. वा सो सरह भन्दा तल (पुरुष):–
(महिला):–

(ख) एस.एल.सी. वा सो सरह (पुरुष):–
(महिला):–

(ग) एस.एल.सी.वा सो सरह भन्दा माथि (पुरुष):–
(महिला):–

६. घर पालुवा जीवजन्तुः–

| जीवजन्तुको किसिम वा जात | भाले संख्या | पोथी संख्या | जम्मा संख्या |
|---|---|---|---|
| याक, चौरीः– | | | |
| भेडा, च्याङ्ग्राः– | | | |
| बोका, बाख्राः– | | | |
| गाई, गोरुः– | | | |
| भैंसी, रांगो :– | | | |
| घोडा, खच्चडः– | | | |
| हांस, कुखुरा तथा अन्य पंक्षीः– | | | |
| कुकूर :– | | | |
| बिरालो :– | | | |
| अन्य जनावरः– | | | |

७. घरकोः–

तल्लाः–

गाह्रोः– (काठ, ढुंगा, ईँट वा अन्य):–

छानाः– (काठ, ढुंगा, जस्ता, टिन वा अन्य):–

चिम्नी (भएको वा नभएको):–

अन्य विवरणः– (केही भए):–

८. खेतबारीः–

गोठ, खर्क आदि के हो त्यसको विवरणः–

खेत, बारी, खर्क क्षेत्रफलः–

९. विविधः–

(क) सालिन्दा चाहिने दाउराको अनुमानित भारी (प्रति व्यक्ति):–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
३८३

(ख) घर मर्मतको लागि चाहिने अनुमानित काठः–

(ग) घर मर्मत तथा कुटिर उद्योगको लागि चाहिने खर, घांस निगालो वा लोक्ता (अनुमानित परिमाण):– भारीः–

(घ) चरी चराउनको लागि चाहिने अनुमानित जग्गा क्षेत्रफलः–

लगत लिने अधिकारीकोः

नामः–

सहीः–

दर्जाः–

मितिः–

अनुसूची–८

(नियम ३१ संग सम्बन्धित)

श्री ५ को सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

खप्तड राष्ट्रिय निकुन्ज कार्यालय, बाजुरा

**चरी चराउन वा गोठ राख्न पाउने अनुमतिपत्र**

सि.नं.:–

मितिः–

१. अनुमतिपत्र लिने व्यक्तिको नाम, थर, वतनः–

२. उमेरः–

३. घर पालुवा जीवजन्तुको किसिम र संख्याः–

४. चरी चराउन वा गोठ राख्न पाउने क्षेत्रः–

५. चरी चराउन वा गोठ राख्ने दस्तुरः–

अनुमतिपत्र दिने अधिकारीकोः

नामः–

सहीः–

दर्जाः–

द्रष्टव्यः– चरी चराउन वा गोठ राख्नको लागि दिइएको अनुमतिपत्र तीन महिनासम्मको लागि मात्र मान्य हुनेछ ।

आज्ञाले,

वीरेन्द्रनाथ खुंजेली

श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।